# सदस्यता प्राप्ति, नविकरण तथा ब्यबस्थापन सम्बन्धि निर्देशिका २०७७

कम्प्युटर एसोशिएसन नेपाल महासंघ (क्यान महासंघ)

खुशिबु, काठमाडौ

**प्रस्तावना**

कम्प्युटर एसोशिएसन नेपाल महासंघ (क्यान महासंघ)को विधान २०७० को परिच्छेद ३ दफा (६) बमोजिम सदस्यता प्राप्त गर्ने योग्य ब्यक्ति, संस्था, शाखा वा निकायलाइ सदस्यता प्राप्त गर्ने तथा नविकरण गर्ने कार्यलाइ ब्यबस्थित गर्नु पर्ने भएकोले,

कम्प्युटर एसोशिएसन नेपाल महासंघ (क्यान महासंघ)को विधान २०७०, दोश्रो संसोधन २०७५ को दफा ७(च) वमोजिम क्यान महासंघको १३ औं कार्यसमितिको ८ औं वैठकवाट यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद-१, प्रारम्भिकः

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकालाई "क्यान महासंघको सदस्यता प्राप्ति, नविकरण तथा ब्यबस्थापन सम्बन्धि निर्देशिका २०७७" भनिनेछ ।

(ख) यो निर्देशिका २०७७ साल श्रावण १७ गतेदेखि लागु हुनेछ ।

**१.२ परिभाषा तथा पारभाषिक शब्दावलिः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "महासंघ" भन्नाले क्यान महासंघलाई सम्झनुपर्छ ।

(क) "विधान" भन्नाले क्यान महासंघको विधान २०७० (संसोधन सहित) लाई सम्झनुपर्छ ।

(क) "कार्यसमिति" भन्नाले क्यान महासंघको केन्द्रिय कार्यसमितिलाई सम्झनुपर्छ ।

(क) "सदस्य" भन्नाले क्यान महासंघको विधान २०७० (संसोधन सहित) को परिच्छेद ३ दफा (६) बमोजिम बनेका सदस्यलाई सम्झनुपर्छ ।

(क) "जिल्ला शाखा" भन्नाले क्यान महासंघको विधान २०७०(संसोधन सहित) को दफा १९ बमोजिम गठन भएको जिल्ला शाखालाई सम्झनुपर्छ ।

(छ) "प्रदेश क्यान महासंघ" भन्नाले क्यान महासंघको शंसोधित विधान २०७०(संसोधन सहित) को दफा १८ बमोजिम गठन भएको प्रदेश शाखालाई जनाउँछ ।

(ड) "अनुसूची" भन्नाले यस निर्देशिकाको आखिरीमा निर्देशिका अनुसार विस्तृत विवरण समेटिएको अभिलेख फारामहरुलाई सम्झनु पर्दछ ।

**१.३ यो निर्देशिकाको व्याख्या गर्ने अधिकारः**

यस निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ।

## परिच्छेद-२: सदस्यता प्राप्ति (प्रकार, योग्यता, आवेदन तथा प्राप्ति)

**२.१ सदस्यका प्रकार**

क्यान महासंघको विधान २०७० (संसोधन सहित) को परिच्छेद ३ दफा (६) बमोजिम महासंघमा देहाय बमोजिमका सदस्य रहनेछन ।

1. व्यक्तिगत सदस्य
    1. व्यक्तिगत साधारण
    2. व्यत्तिगत आजिवन सदस्य
2. संस्थागत सदस्य
    1. संस्थागत साधारण सदस्य
    2. संस्थागत आजिवन सदस्य
3. विषयगत सदस्य
4. जिल्ला शाखा सदस्य
5. मानार्थ सदस्य
6. अन्तराष्ट्रिय संघ सदस्यता
7. अतिथि सदस्य

**२.२ सदस्यको योग्यता**

क्यान महासंघको विधान २०७० (संसोधन सहित) को परिच्छेद ३ दफा (६) बमोजिम महासंघमा सदस्यता प्राप्त गर्न दफा २.३ मा उल्लेख भए अनुसार विबरण तथा कागजात बुझाएको खण्डमा देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ ।

**१ व्यक्तिगत सदस्य**

- **व्यक्तिगत साधारण**

  कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरेका वा अन्य कुनै विषयमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरी कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष रुपमा कम्तीमा २ वर्ष अबिछिन्न काम गरिरहेका नेपाली नागरिक महासंघको केन्द्रबाट व्यक्तिगत साधारण सदस्यता प्राप्त गर्न योग्य हुनेछ ।

  जिल्ला शाखाको व्यक्तिगत साधारण सदस्यको हकमा कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कम्तीमा प्रमाणपत्र तहको शैक्षिक योग्यता हासिल गरेका वा अन्य कुनै विषयमा प्रमाणपत्र तहको शैक्षिक योग्यता हासिल गरी सो पेशा वा व्यवसायमा लागि जिल्लामा कार्यरत कम्तीमा २ वर्षदेखि सेवा प्रदान गरिरहेका नेपाली नागरिकलाई जिल्ला शाखाले व्यक्तिगत साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

- **व्यक्तिगत आजिवन सदस्य**

  महासंघको केन्द्रवाट व्यक्तिगत साधारण सदस्यता प्राप्त गर्न योग्य ब्यक्ति नै ब्यक्तिगत आजिवन सदस्यता प्राप्त गर्न योग्य हुनेछ ।

  दश वर्षदेखि अविछिन्न रुपमा महासंघको ब्यक्तिगत सदस्यता नविकरण गरि कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा काम गरिरहेको ब्यक्तिगत सदस्यले आफ्नो सदस्यता व्यक्तिगत आजिवन सदस्यमा परिवर्तन गर्न आवेदन दिएमा कार्यसमितिले निर्णय गरि उक्त सदस्यको

सदस्यता ब्यक्तिगत आजिवन सदस्यमा परिवर्तन गर्न सकिने छ । यसरी सदस्यता परिवर्तन गर्दा कुनै शुल्क लाग्ने छैन ।

**२ संस्थागत सदस्य**

- **संस्थागत साधारण सदस्य**

  कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधि सम्बन्धी अध्ययन, अध्यापन, व्यापार व्यवसाय, आयात, निर्यात, सेवा, प्रकाशन, प्रसारण, अनुसन्धान, प्रशिक्षण, उद्योग तथा विकास आदि उद्देश्य राखी व्यापारिक प्रयोजनका लागि नेपाल सरकारको तिनै तहका सम्बन्धित निकायमा दर्ता भएको तथा सो क्षेत्रमा कार्यरत निकाय, संस्थाहरू काठमाण्डौं उपत्यकाको हकमा केन्द्रबाट र अन्यको हकमा महासंघको सम्बन्धित जिल्ला शाखावाट संस्थागत साधारण सदस्यता प्राप्त गर्न योग्य हुनेछन।

- **संस्थागत आजिवन सदस्य**

  महासंघको संस्थागत साधारण सदस्यता प्राप्त गर्न योग्य निकाय, संस्थाहरू नै केन्द्र वा सम्बन्धित जिल्ला शाखावाट संस्थागत आजिवन सदस्यता प्राप्त गर्न योग्य हुनेछन ।

**३ विषयगत सदस्य**

कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिका विविध क्षेत्रमा संगठित भएर रहेका तथा संस्था दर्ता ऐन अनुरुप स्थापित संघहरू वा गैरसरकारी संस्थाहरू साथै साधारण सदस्यता खुल्ला भएका र प्रत्यक्ष एवं लोकतान्त्रिक निर्वाचन प्रक्रियामा आधारित कार्यकारीणी समिति भएका नाफा बितरण नगर्ने कम्पनि दर्ता ऐन अनुरुप स्थापित कम्पनिहरु विषयगत सदस्यता प्राप्त गर्न योग्य हुनेछन ।

**४ जिल्ला शाखा सदस्य**

कम्प्युटर, कम्प्युटर विज्ञान, सूचना तथा सञ्चार प्रविधिसंग सम्बन्धी कम्तिमा १० जना ब्यक्ति, फर्म वा कम्पनिहरुले एक आपसमा समुह मिलाई जिल्ला शाखा गठन गर्ने तथा जिल्ला शाखाको निम्ति आवद्द्ताको निम्ति प्रदेश महासंघ मार्फत केन्द्रिय कार्यसमितिमा आवेदन पेश गरेमा, एक जिल्लामा एक भन्दा वढि शाखा नहुने गरि सो जिल्ला शाखा, सदस्य हुन योग्य हुनेछ ।

**५ मानार्थ सदस्य**

कम्प्युटर,कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको विकासमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनि केन्द्रिय कार्यसमितिले सर्वसम्मत ठहर गरेको कुनै पनि स्वदेशी तथा विदेशी व्यक्ति तथा व्यावसायिक कम्पनी मानार्थ सदस्यता प्राप्त गर्न योग्य हुनेछ ।

**६ अन्तराष्ट्रिय संघ सदस्यता**

यस महासंघको नाम, लोगो तथा उद्देश्य प्रयोग हुने गरि कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधि संग सम्बन्धित ब्यक्ति, फर्म वा कम्पनिहरु एक आपसमा मिलेर अन्तराष्ट्रिय रुपमा

गठन भई यस संस्थासंग आबद्द हुने आउने संस्था केन्द्रिय कार्यसमितिले सर्वसम्मत ठहर गरेमा अन्तराष्ट्रिय संघ सदस्यता प्राप्त गर्न योग्य हुनेछ ।

**७ अतिथि सदस्य**

नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा कार्यरत रहेको र महासंघको सदस्यता लिई कार्य गर्न इच्छुक विदेशी नागरिकलाई निजको नेपालमा कार्यरत संस्थाको तर्फबाट जारी परिचयपत्र, नेपाल बस्ने अनुमतिपत्र सहित क्यान महासंघमा आवेदन दिएको अवस्थामा उक्त विदेशी नागरिक नेपालमा रहुन्जेलका निम्ति अतिथि सदस्य बन्न योग्य हुनेछ ।

## २.३ सदस्यका निम्ति आवेदन

क्यान महासंघको सदस्यताको निम्ति आवेदन दिंदा, क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टल मार्फत तल उल्लेख गरे वमोजिमको सहि विवरण अनिवार्य भर्नुपर्नेछ र बुझाउनुपर्ने आवश्यक कागज प्रमाणको हकमा अनिवार्य रुपमा सक्कल कागजातबाट स्क्यान (**scan)** गरि अपलोड (**upload)** गरेको हुनुपर्नेछ । त्यसरी बुझाएको विबरण तथा कागजातमा कुनै शंका लागेमा, क्यान महासंघले आवश्यक छानविन गर्न सक्नेछ र गलत विबरण तथा कागजात बुझाईएको भेटिएमा नेपाल सरकारका संवन्धित निकायलाई कारवाहिको निम्ति अनुरोध गर्न सक्नेछ ।

मानार्थ सदस्यको हकमा - यस्तो सदस्यता आवेदन नलिई, केन्द्रिय कार्यसमितिले प्रदान गर्ने हुंदा, सदस्यता संबन्धि निर्णय गर्दा, दफा २.३ को उपदफा २.३.१ (५) मा भएको ब्यबस्था बमोजिमको विवरण र कागजात अनिवार्य संलग्न गरिनेछ

### २.३.१ आवश्यक बिवरण तथा कागजात

**१ व्यक्तिगत साधारण तथा व्यतिगत आजिवन सदस्य**

**आवश्यक विवरण**

- **ब्यक्तिगत विवरण:**
    1. सदस्य हुन चाहने ब्यक्तिको फोटो
    2. पुरा नाम
    3. जन्म मिति
    4. नागरिकता नं
    5. स्थायी तथा अस्थायी ठेगाना
    6. मोबाईल नम्बर
    7. ईमेल ठेगाना
    8. सिफारिस गर्नेको सोहि समुहको क्यान महासंघमा सदस्यता नम्वर
- **योग्यता सम्वन्धि विवरण:**
    1. शैक्षिक योग्यता तथा अनुभव सम्वन्धि विवरण

**आवश्यक कागजात**:

1. नागरिकताको प्रतिलिपि

2. मार्कसिट/ग्रेडसिट/ट्रान्स्क्रिप्टको प्रतिलिपि
3. चरित्र प्रमाणपत्र
4. अनुभव खुलाउनु पर्नेको हकमा - कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष कार्यरत रहेको पुष्टि गर्ने कागजात (आफू कार्यरत संस्थाको नियुक्तिपत्र/ सिफारिस पत्र इत्यादि)

**२ संस्थागत साधारण तथा संस्थागत आजिवन सदस्य**

- **सदस्य हुन चाहेको संस्थाको विवरण**:
    1. नाम
    2. पुरा ठेगाना
    3. फोन नं.
    4. ईमेल ठेगाना
    5. भ्याट/प्यान नं.
    6. स्थापना मिति
    7. दर्ता भएको निकाय
    8. कार्यरत क्षेत्र (हार्ड्वेयर, सफ्टवेयर, दुबै, शिक्षा इत्यादि)
    9. संपर्क ब्यक्ति
    10. सम्पर्क ब्यक्तिको फोटो
    11. सम्पर्क ब्यक्तिको ईमेल ठेगान
    12. सम्पर्क ब्यक्तिको मोबाइल नं.
    13. सिफारिस गर्नेको क्यान महासंघमा सोहि समुहको सदस्यता नम्वर
- **आवश्यक कागजात**:
    1. संस्थाको छाप सहित आधिकारिक लेटर-हेडमा आबेदनपत्र
    2. संस्था दर्ता को प्रतिलिपि
    3. संस्था कर कार्यालयमा दर्ता भएको प्रतिलिपि
    4. संचालक समितिको निर्णयको माइन्युट
    5. कर कार्यालयमा दर्ता हुंदा उद्देश्य नखुलेको अवस्थामा - संस्था को उद्देश्य खुल्ने प्रबन्धपत्र वा नियामावलिको प्रतिलिपि
    6. संस्था एक वर्ष पुरानो भएकाको हकमा - गत वर्षको कर-चुक्ताको प्रतिलिपि

**३ विषयगत सदस्य**

1. **सदस्य हुन चाहेको संस्थाको विवरण:**
    1. नाम
    2. पुरा ठेगाना
    3. फोन नं.
    4. ईमेल ठेगाना
    5. भ्याट/प्यान नं.
    6. स्थापना मिति

7. दर्ता भएको निकाय
8. कार्यरत क्षेत्र (शिक्षा, स्वास्थ्य इत्यादि)
9. कार्यकारिणी सदस्यहरुको पद र नामाबली
10. संपर्क ब्यक्ति
11. संपर्क ब्यक्तिको फोटो
12. सम्पर्क ब्यक्तिको ईमेल ठेगाना
13. सम्पर्क ब्यक्तिको मोबाइल नं.
14. सिफारिस गर्नेको क्यान महासंघमा सोहि समुहको सदस्यता नम्वर

2. **आवश्यक कागजात**:
   1. संस्थाको छाप सहित आधिकारिक लेटर-हेडमा आबेदनपत्र
   2. सदस्य बन्ने सम्बन्धमा कार्यसमितिको निर्णयको माईन्युटको प्रतिलिपि
   3. जिल्ला प्रशासन कार्यालय वा कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
   4. संस्थाको विधानको प्रतिलिपि
   5. संस्था कर कार्यालयमा दर्ता भएको प्रतिलिपि
   6. संस्था एक वर्ष पुरानो भएकाको हकमा - संस्था नविकरण भएको प्रतिलिपि

**४ जिल्ला शाखा सदस्य**

**विवरण:**

1. सदस्य हुन चाहेको ब्यक्ति वा संस्थाको यस परिच्छेद को दफा २.३.१ को उपदफा १, २, ३, ५, ६, ७ बमोजिमको विबरण
2. प्रबन्ध समितिका सदस्यहरुको पद र नामाबली
3. संपर्क ब्यक्ति
4. संपर्क ब्यक्तिको फोटो
5. सम्पर्क ब्यक्तिको ईमेल ठेगाना
6. सम्पर्क ब्यक्तिको मोबाइल नं.

**आवश्यक कागजात**:

1. सदस्य हुन चाहेको ब्यक्ति वा संस्थाको यस परिच्छेद को दफा २.३.१ को उपदफा १, २, ३, ५, ६, ७ बमोजिमका कागजात
2. प्रथम भेलाद्वारा महासंघको विधान सहित केन्द्रिय निति तथा निर्देशन पालना गर्ने प्रतिवद्ता पारित गरेको माइन्युट को प्रतिलिपि

**५ मानार्थ सदस्य**

**मानार्थ सदस्य प्रदान गर्न लागिएको व्यक्ति वा संस्थाको विवरण**:

1. नाम
2. पुरा ठेगाना
3. ईमेल ठेगाना
4. संस्थाको हकमा संस्थाको -
   a. फोन नं.

b. वेबसाईट
c. भ्याट/प्यान नं.
d. स्थापना मिति
e. दर्ता भएको निकाय
f. कार्यरत क्षेत्र (हार्ड्वेयर, सफ्टवेयर, दुबै, शिक्षा इत्यादि)
g. संपर्क ब्यक्ति
h. संपर्क ब्यक्तिको फोटो
i. सम्पर्क ब्यक्तिको ईमेल ठेगाना
j. सम्पर्क ब्यक्तिको मोबाइल नं.

5. व्यक्तिको हकमा -
    a. फोटो
    b. मोबाईल नम्बर
    c. ईमेल ठेगाना

**आवश्यक कागजात**:

1. **मानार्थ सदस्यता ब्यक्तिलाई प्रदान गर्न लागिएको हो भने -**
    a. नागरिकताको प्रतिलिपि
    b. कम्प्युटर,कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको विकासमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने ब्यहोरा खुल्ने बिबरण
    c. केन्द्रिय कार्यसमितिको निर्णय ।
2. **मानार्थ सदस्यता संस्थालाई प्रदान गर्न लागिएको हो भने -**
    a. संस्था दर्ता को प्रतिलिपि
    b. संस्थाको प्रबन्धपत्र वा निमावलिको प्रतिलिपि
    c. संस्था कर कार्यालयमा दर्ता भएको प्रतिलिपि
    d. एक वर्ष पुरानो संस्था भए गत वर्षको कर-चुक्ताको प्रतिलिपि
    e. कम्प्युटर,कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको विकासमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने ब्यहोरा खुल्ने बिबरण
    f. केन्द्रिय कार्यसमितिको निर्णयको माइन्युटको प्रतिलिपि ।

**६ अन्तराष्ट्रिय संघ सदस्यता**

1. **सदस्य हुन चाहेको संस्थाको विवरण:**
    a. नाम
    b. पुरा ठेगाना
    c. फोन नं.,
    d. ईमेल ठेगाना
    e. वेबसाईट
    f. भ्याट/प्यान नं/ कर दर्ता नं.

g. स्थापना मिति
h. दर्ता भएको निकाय
i. कार्यरत क्षेत्र (शिक्षा, स्वास्थ्य इत्यादि)
j. कार्यकारिणी सदस्यहरुको पद र नामाबली
k. संपर्क ब्यक्ति
l. संपर्क ब्यक्तिको फोटो
m. सम्पर्क ब्यक्तिको ईमेल ठेगाना
n. सम्पर्क ब्यक्तिको मोबाइल नं.
o. सिफारिस गर्नेको क्यान महासंघमा सदस्यता नम्वर

2. **आवश्यक कागजात**:
   a. संस्थाको छाप सहित आधिकारिक लेटर-हेडमा आबेदनपत्र
   b. सदस्य बन्ने सम्बन्धमा कार्यसमितिको निर्णयको माईन्युटको प्रतिलिपि
   c. सम्बन्धित देशमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
   d. संवन्धित संस्थाको विधानको प्रतिलिपि

**७ अतिथि सदस्य**

1. **अतिथि सदस्य हुन चाहनेको ब्यक्तिगत विवरण:**
   a. पुरा नाम
   b. जन्म मिति
   c. स्थायी तथा अस्थायी ठेगाना
   d. मोबाईल नम्बर
   e. ईमेल ठेगाना
   f. नेपालमा कार्यरत संस्थाको नाम, पुरा ठेगाना, संस्थाको फोन नं., ईमेल ठेगाना, वेबसाईट, भ्याट/प्यान नं., स्थापना मिति, दर्ता भएको निकाय, संपर्क ब्यक्ति, सम्पर्क ब्यक्तिको ईमेल ठेगान, मोबाइल नं., सिफारिस गर्नेको क्यान महासंघमा सदस्यता नम्वर

2. **आवश्यक कागजात**:
   a. पासपोर्टको प्रतिलिपि
   b. नेपालमा कार्यरत संस्थाको तर्फबाट जारी परिचयपत्रको प्रतिलिपि
   c. नेपाल बस्ने अनुमतिपत्रको प्रतिलिपि
   d. नेपालमा कार्यरत संस्थाका मान्य कानुनि कागजातहरु र
   e. संस्थाको छाप सहित आधिकारिक लेटर-हेडमा सिफारिस पत्र

**२.५ सदस्यता प्राप्ति**

**क.** महासंघको सदस्यता प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टल मार्फत तोकिए बमोजिमको आबेदन दिनुपर्नेछ ।

केन्द्रीय समितिबाट प्रदान गरिने सदस्यताको निम्ति प्राप्त आबेदनमाथि महासंघको सचिवालयमा आवश्यक छानबिन गरि सम्बन्धित वा तोकिएको सचिवले प्रमाणित गरि केन्द्रीय कार्यसमितिमा प्रस्तुत

गरिनेछ । त्यसरी प्राप्त आबेदन माथि कार्यसमितिले छलफल गरि सदस्यता प्रदान गर्ने, निश्चित समयका निम्ति आबेदन स्थगित गर्ने वा सदस्यता नदिने निर्णय गर्न सक्नेछ ।

कुनै आवेदकलाई सदस्यता दिने वा नदिने सम्बन्धमा भएको निर्णयको जानकारी निज आवेदकलाई निर्णय भएको १५ दिन भित्र उसले आवेदन दिंदा उपलब्ध गराएको ईमेल ठेगाना र मोबाइल नं मार्फत दिइनेछ ।

सदस्यता प्रदान गरिएको जानकारी दिएको दुई महिनाभित्र क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टलमा लगिन (login) गरि, त्यहा ब्यबस्था गरे बमोजिमका डिजिटल भुक्तानी प्रणाली मध्येहरु मार्फत **परिच्छेद- ४** मा तोकिए बमोजिमको शुल्क तिरी सदस्यता ग्रहण नगर्ने आबेद्कलाई सदस्यता स्वत: रद्द हुनेछ ।

**ख.** जिल्ला शाखा मार्फत सदस्यता प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले समेत क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टल मार्फतै सदस्यताको लागि आबेदन दिनुपर्नेछ । त्यसरी प्राप्त आवेदनहरु, सम्बन्धित शाखाले आवस्यक छानबिन गरि केन्द्रीय कार्यसमितिले तोकेको प्रक्रिया पुरा गरि सदस्यता दिन सक्नेछ ।

जिल्ला समितिमा सदस्यताको निबेदन प्राप्त भएको बढीमा १ महिनाभित्र सदस्यताको टुंगो लगाई निर्णय दिई सक्नुपर्नेछ । त्यसरी प्राप्त आबेदन माथि जिल्ला कार्यसमितिले छलफल गरि सदस्यता प्रदान गर्ने, निश्चित समयका निम्ति आबेदन स्थगित गर्ने वा सदस्यता नदिने निर्णय गर्न सक्नेछ ।

कुनै आवेदकलाई सदस्यता दिने वा नदिने सम्बन्धमा भएको निर्णयको जानकारी निज आवेदकलाई निर्णय भएको ७ दिन भित्र उसले आवेदन दिंदा उपलब्ध गराएको ईमेल ठेगाना र मोबाइल नं मार्फत दिईनेछ ।

सदस्यता प्रदान गरिएको लिखित जानकारी दिएको दिएको एक महिना भित्र क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टलमा लगिन(login) गरि, त्यहा ब्यबस्था गरे बमोजिमका डिजिटल भुक्तानी प्रणाली मध्येहरु मार्फत **परिच्छेद- ४** मा तोकिए बमोजिमको शुल्क तिरी सदस्यता ग्रहण नगर्ने आवेदकको आवेदन स्वत: रद्द हुनेछ ।

सम्बन्धित प्रदेशले जिल्ला शाखाबाट प्राप्त सदस्यता सम्बन्धि आबेदन आवश्यक छानविन गरि रित पुगेमा सदस्यता प्रमाणिकरण गर्नेछ र सम्बन्धित वा तोकिएको सचिवले प्रमाणित गरि केन्द्रिय समितिमा अनुमोदनका लागि पेश गर्नेछ।

**ग.** महासंघको सदस्यता प्रदान गर्ने सम्बन्धमा अन्तिम निर्णय महासंघको केन्द्रीय कार्यसमितिले गरे बमोजिम हुनेछ ।

**घ** सदस्यताको अबधि एक बर्षको हुनेछ ।

हरेक बर्षको भाद्र मसान्त भित्रमा केन्द्रीय समितिबाट सदस्यता प्राप्त सदस्यहरुले परिच्छेद-३ मा तोके वमोजिम आफ्नो सदस्यता केन्द्रीय समितिमा नविकरण गराई सक्नुपर्नेछ ।

जिल्ला शाखा मार्फत सदस्यता प्राप्त गरेका सदस्यहरुले पनि हरेक वर्षको भाद्र मसान्त भित्रमा परिच्छेद-३ मा तोके वमोजिम आफ्नो सदस्यता नवीकरण गराइसक्नु पर्नेछ । जिल्ला शाखा सदस्यले आश्विन मसान्तभित्र केन्द्रीय कार्यालयमा शाखा नवीकरण गराइसक्नु पर्नेछ ।

सदस्यता शुल्क **परिच्छेद- ४** मा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३: सदस्यता नविकरण

**३.१** क्यान महासंघको विधानको, परिच्छेद ३, दफा ७ (ङ) वमोजिम सदस्यहरुले हरेक वर्ष सदस्यता नवीकरण गर्नुपर्नेछ । विधानमा ब्यबस्था भए बमोजिम तिन वर्षभित्र सदस्यता नवीकरण गर्न सकिनेछ ।

**३.२** सदस्यता नविकरण शुल्क **परिच्छेद ४** मा उल्लेख गरे बमोजिम हुनेछ ।

**३.३** सदस्यता नविकरण गर्दा, देहाय बमोजिमका सदस्यहरुले, तल उल्लेख गरे बमोजिमका कागज प्रमाण अनिवार्य रुपमा सक्कल कागजातबाट स्क्यान (**scan**) गरि महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टलमा लगिन(**login**) गरि अपलोड (**upload**) गरेको हुनुपर्नेछ।

8. **व्यक्तिगत सदस्य**
    1. **व्यक्तिगत साधारण सदस्य -** कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा  बाहेक अन्यमा शैक्षिक योग्यता हासिल गरेकाको हकमा - कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष कार्यरत रहेको पुष्टि गर्ने कागजात (आफू कार्यरत संस्थाको नियुक्तिपत्र/ सिफारिस पत्र इत्यादि) ।
    2. **व्यत्तिगत आजिवन सदस्य -** आजिवन सदस्यले सदस्यता नविकरण गर्नु नपरे पनि, क्यान महासंघले बेला-बेलामा सदस्यता सम्बन्धि बिबरण अद्याबधि गराउंदा, कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा बाहेक अन्यमा शैक्षिक योग्यता हासिल गरेकाको हकमा - कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष कार्यरत रहेको पुष्टि गर्ने कागजात (आफू कार्यरत संस्थाको नियुक्तिपत्र/ सिफारिस पत्र इत्यादि) अनिवार्य बुझाउनु पर्नेछ ।
9. **संस्थागत सदस्य**
    1. **संस्थागत साधारण सदस्य -** अघिल्लो वर्षको कर चुक्ता प्रमाणपत्र
    2. **संस्थागत आजिवन सदस्य -** आजिवन सदस्यले सदस्यता नविकरण गर्नु नपरे पनि, क्यान महासंघले बेला-बेलामा सदस्यता सम्बन्धि बिबरण अद्याबधि गराउंदा, अघिल्लो वर्षको कर चुक्ता प्रमाणपत्र अनिवार्य बुझाउनु पर्नेछ ।
10. **विषयगत सदस्य -**
    1. संस्थाको छाप सहित आधिकारिक लेटर-हेडमा नविकरणका निम्ति आवेदन पत्र,
    2. नविकरण गर्ने सम्बन्धमा कार्यसमितिको निर्णयको माईन्युटको प्रतिलिपि

3. नेपाल सरकारको सम्बन्धित निकायमा संस्था नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि

11. **जिल्ला शाखा सदस्य -** जिल्ला शाखा अन्तर्गत बनेका व्यक्तिगत सदस्य, संस्थागत सदस्य र विषयगत सदस्यको नविकरण सम्बन्धि माथि उल्लेख गरे बमोजिमका कागज प्रमाण ।

## परिच्छेद- ४: शुल्क

क्यान महासंघमा सदस्य हुन र नविकरण गर्नको निम्ति, देहाय बमोजिमको शुल्क क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टलमा लगिन(**login**) गरि, त्यहा ब्यबस्था गरे बमोजिमका डिजिटल भुक्तानी प्रणाली [नगद जम्मा गरेको सक्कल बैंक भौचरको स्क्यानकपि (**scanned copy**) समेत] मध्येहरु मार्फत गर्नु पर्नेछ।

### ४.१ सदस्यता प्राप्ति तथा नविकरण शुल्क

महासंघको केन्द्रवाट सदस्यता प्राप्ति तथा नविकरण गर्दा देहाय बमोजिमको शुल्क लाग्नेछ ।

१ **व्यक्तिगत सदस्य**

- **व्यक्तिगत साधारण सदस्य**
  - ❖ सदस्यता प्राप्त गर्न: ने. रु. १०००/-
  - ❖ सदस्यता नविकरण गर्नः ने.रु. ६००/-
- **व्यत्तिगत आजिवन सदस्य**
  - ❖ सदस्यता प्राप्त गर्न (नविकरण शुल्क तिर्नु नपर्ने गरि): ने. रु. १५,०००/-

२ **संस्थागत सदस्य**

- संस्थागत साधारण सदस्य
  - ❖ सदस्यता प्राप्त गर्न: ने. रु. ४,०००/-
  - ❖ सदस्यता नविकरण गर्नः ने.रु. ३,०००/-
- संस्थागत आजिवन सदस्य
  - ❖ सदस्यता प्राप्त गर्न (नविकरण शुल्क तिर्नु नपर्ने गरि): ने. रु. ३५,०००/-

३ **विषयगत सदस्य -** सदस्यता प्राप्त गर्न तथा नविकरण गर्नः ने.रु. २,०००/-

क्यान महासंघको जिल्ला शाखा मार्फत सदस्यता प्राप्ति तथा नविकरण गर्दा देहाय बमोजिमको शुल्क लाग्नेछ ।

१ **व्यक्तिगत सदस्य**

- **व्यक्तिगत साधारण सदस्य**
  - ❖ सदस्यता प्राप्त गर्न: ने. रु. ८००/-
  - ❖ सदस्यता नविकरण गर्नः ने.रु. ४००/-
- **व्यत्तिगत आजिवन सदस्य**
  - ❖ सदस्यता प्राप्त गर्न (नविकरण शुल्क तिर्नु नपर्ने गरि): ने. रु. ६,०००/-

२ **संस्थागत सदस्य**

- संस्थागत साधारण सदस्य
  - ❖ सदस्यता प्राप्त गर्न: ने. रु. ८,००/-

❖ सदस्यता नविकरण गर्नः ने.रु. ४,००/-

- संस्थागत आजिवन सदस्य

❖ सदस्यता प्राप्त गर्न (नविकरण शुल्क तिर्नु नपर्ने गरि): ने. रु. ६,०००/-

३ **विषयगत सदस्य -** सदस्यता प्राप्त गर्न तथा नविकरण गर्नः ने.रु. १,५००/-

## परिच्छेद-५: सदस्यता समाप्ति

देहाय बमोजिमको अवस्थामा क्यान महासंघको सदस्यता समाप्त हुनेछ ।

१) सदस्यले सदस्यताबाट दिएको राजिनामा स्विकृत भएमा ।

२) विधान अनुसार बुझाउनुपर्ने शुल्क नबुझाएमा ।

३) कुनै सदस्यले विधान तथा अनुशासन प्रतिकुल काम गरेको भनि परिच्छेद ९ दफा ३७ र ३८ वमोजिमको कारवाहि भएमा ।

४) ब्यक्तिगत सदस्यको हकमा नैतिक पतन देखिने फौजदारि अभियोग प्रमाणीत भएमा ।

५) ब्यक्तिगत सदस्यको हकमा मानसिक सन्तुलन ठिक नभएको प्रमाणीत भएमा ।

६) ब्यक्तिगत सदस्यको हकमा मृत्यु भएमा ।

७) कम्प्युटर, कम्प्युटर विज्ञान एवं सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा शैक्षिक योग्यता हासिल नगरेका सदस्यको हकमा, कम्प्युटर विज्ञान तथा सुचना प्रविधिको क्षेत्रमा प्रत्यक्ष कार्य नगरेको अवस्थामा निज ब्यक्तिगत सदस्यको सदस्यता केन्द्रिय कार्यसमितिको निर्णय वमोजिम समाप्त हुन सक्नेछ ।

८) विषयगत तथा संस्थागत सदस्यको हकमा संस्था वा कम्पनि विघटन भई खारेजि(लिकविडिसन) भएमा ।

९) संस्थागत सदस्यको हकमा कुनै कारणवस निज सदस्यलाई नेपाल सरकारले कारवाहि गरेमा वा समय-समयमा आफ्ना विबरण अद्यावधिक गराउन अनुरोध गर्दा पनि नगराएमा केन्द्रिय कार्यसमितिको निर्णय बमोजिम निज संस्थागत सदस्यको सदस्यता समाप्त वा निलम्बन हुन सक्नेछ ।

१०) मानार्थ सदस्यको सदस्यता महासंघको केन्द्रिय कार्यसमितिले समाप्त गर्ने निर्णय नगर्दासम्म कायम रहनेछ ।

११) आफ्नो सदस्य वा सदस्य संस्थाले महासंघको घोषित लक्ष्य वमोजिम काम नगरेको वा उद्देश्यमा प्रतिकुल असर पार्ने काम गरेको प्रमाणित भएमा केन्द्रिय कार्यसमितिले सदस्यता खारेज गर्न सक्नेछ । तर खारेज गर्नु अगाडि त्यस्तो सदस्यलाई सफाईको मौका दिईनेछ ।

## परिच्छेद-६: सदस्यको अधिकार

क्यान महासंघको सदस्यले बिधानमा ब्यबस्था भए बमोजिम निम्न अधिकार पाउनेछ ।

(क) सदस्यले विधानमा ब्यबस्था भए बमोजिम महासंघको निर्वाचनमा आफू उम्मेदवार हुन र मतदान गर्न पाउनेछ। सदस्यले महासंघको निर्वाचनमा मतदान गर्न पाउनको निम्ति नयां सदस्य हो भने सम्बन्धित समितिको निर्वाचन हुने अघिल्लो वर्षको चैत्र मसान्तभित्रै सदस्य भैसक्नु पर्नेछ र स्थानान्तरण गर्नु पर्ने हो भने पनि सोहि अवधि भित्र भैसक्नुपर्नेछ ।

(ख) सदस्यले सम्बन्धित सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।

(ग) उपदफा (क) र (ख) को अधिकार अतिथि, अन्तराष्ट्रिय संघ र मानार्थ सदस्यलाई हुने छैन ।

## परिच्छेद-७: विविध

**७.१ विबरण अध्यावधिक** :
सदस्यहरुको विवरण प्रत्यक ५/५ वर्षमा सदस्यता नविकरण गर्ने समयमा अध्यावधिक गरिने छ । यदि अध्यावधिक गर्न आवश्यक विबरण तथा कागजात क्यान महासंघको वेवसाईटमा ब्यबस्था गरे बमोजिमको पोर्टलमा लगिन गरि उपलब्ध नगराएमा सदस्यता नविकरण नगर्न सक्नेछ ।

**७.२ निर्देशिकाको व्याख्याः**
यस निर्देशिकाको व्याख्या संस्थाको विधानको अधिनमा रहि कार्यसमितिले गर्नेछ । यस निर्देशिका मा स्पष्ट भएका कुरा यसै निर्देशिका वमोजिम र कुनै कुरा अस्पष्ट भएमा संस्थाको विधान र कार्य समितिको निर्णयानुसार हुनेछ ।

**७.३ वाधा अड्काउ फुकाउने अधिकारः**
कुनै अधिकारीले यस निर्देशिकाको प्रयोग गर्दा गरेको व्याख्यावाट कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधानको अधिनमा रही कार्यसमितिलाई हुनेछ।

**७.४ निर्देशिकाको संशोधनः**
यो निर्देशिकामा जे सुकै लेखिएको भएता पनि कार्यसमितिले आवश्यकता अनुसार समय समयमा थप घट गरि संशोधन गर्नमा कुनै बाधा पर्ने छैन ।

**७.५ यसै निर्देशिका वमोजिम हुनेः**
यस अगाडि बनिसकेका सदस्यहरु यसै निर्देशिका वमोजिम बनेको मानिनेछ ।

**७.६ वैयक्तिक गोपनीयताका सम्बन्धमा**:
क्यान महासंघको सदस्यताको निम्ति आवेदन दिंदा, यस निर्देशिका बमोजिम पेश गरेको विवरण तथा कागजातहरु महासंघको सदस्यता प्राप्ति, नविकरण तथा ब्यबस्थापन र कार्यसमितिको निर्णय बमोजिम महासंघको बिधानमा उल्लेख भए बमोजिमका उद्देश्य प्राप्ति गर्न बाहेक अन्य प्रयोजनका निम्ति प्रयोग गरिने छैन ।